नेपाल सरकार

# युवा, श्रम तथा रोजगार मन्त्रालय

(पदपूर्ति उपसमिति)

सिंहदरबार, काठमाडौँ

## कार्यकारी निर्देशक पदको पदपूर्तिका लागि दरखास्त आह्वानको सूचना

**(प्रकाशित मिति:- २०८३/०२/२९)**

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, 2080 को दफा 6 बमोजिम खुल्ला प्रतिस्पर्धाका आधारमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैंसेपाटीमा रिक्त रहेको कार्यकारी निर्देशक पदको पदपूर्ति गर्न न्यूनतम योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकहरूलाई यो सूचना प्रकाशित भएको मितिले 15 (पन्ध्र) दिन भित्र युवा, श्रम तथा रोजगार मन्त्रालय, सिंहदरबारमा कार्यालय समयभित्र आवश्यक कागजात सहित तोकिएको ढाँचामा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै, न्यूनतम योग्यता र अनुभव लगायतका दरखास्तसँग सम्बन्धी विस्तृत सूचना यस मन्त्रालयको वेबसाइटः www.moless.gov.np मा उपलब्ध रहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

# युवा, श्रम तथा रोजगार मन्त्रालय

## (पदपूर्ति उपसमिति)

सिंहदरबार, काठमाडौं

## कार्यकारी निर्देशक पदको पदपूर्तिका लागि दरखास्त आह्वानको सूचना

(गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित मितिः- २०८३/०२/२९)

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा ६ बमोजिम खुल्ला प्रतिस्पर्धाका आधारमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैंसेपाटीमा रिक्त रहेको कार्यकारी निर्देशक पदको पदपुर्ति गर्न देहाय बमोजिम न्यूनतम योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र युवा, श्रम तथा रोजगार मन्त्रालय, सिंहदरबार स्थित पदपूर्ति सिफारिश उपसमिति समक्ष कार्यालय समयभित्र आवश्यक कागजात सहित तोकिएको ढाँचामा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस मन्त्रालयको रोजगार समन्वय तथा सीप विकास शाखामा (सम्पर्क नं. ९८०८०४५५९०) सम्पर्क गर्न सकिनेछ।

१. **न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभवः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, इन्जिनियरिङ वा कानून विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी सरकारी वा गैरसरकारी संघ, संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी वा सङ्गठित संस्थामा अधिकृतस्तरको पदमा रही श्रम, रोजगार, उद्योग, वाणिज्य, व्यापार, प्रशासन, राजस्व, इञ्जिनियरिङ, व्यवस्थापन वा व्यावसायिक तालिमको क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव भएको र आवेदन दिने अन्तिम मिति सम्ममा चालिस वर्ष उमेर पुगेको हुनु पर्नेछ।

२. **आवेदनसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरूः**

आवेदनसाथ हालसालै खिचिएको दुईप्रति पासपोर्ट साइजको फोटो सहित देहाय बमोजिमका कागजात तथा विवरणहरुमा आफैले हस्ताक्षर गरी पेश गर्नु पर्नेछः-

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाइल नम्बर, घर, कार्यालयको ठेगाना) संहितको विस्तृत वैयक्तिक विवरण,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) शैक्षिक योग्यताको प्रमाणपत्र तथा व्यावसायिक अनुभवको प्रतिलिपि।

३. **आवेदनसाथ देहायको विवरण सहितको स्वघोषणाको कागज पेश गर्नु पर्नेछः-**

(क) समितिसँग आफ्नो वा आफ्नो परिवारको सदस्यको निजी स्वार्थ नभएको,

(ख) आफ्नो नाममा व्यक्तिगत वेरुजु बाँकी नरहेको वा कर चुक्ता गरेको,

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैकिङ्ग कसुर वा नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको,

(घ) किर्ते वा जालसाजीको आरोपमा सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको,

(च) प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको।

४. **व्यावसायिक कार्ययोजनाः** उम्मेदवारले आवेदनसाथ देहायको विषयक्षेत्र समेट्ने गरी कम्तिमा पाँचहजार शब्दमा अंग्रेजी वा नेपाली कुनै एक भाषामा व्यावसायिक कार्ययोजना सिलबन्दी गरी पेश गर्नु पर्नेछः-

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको मागमा आधारित व्यावसायिक तालिम तथा सीप विकासका क्षेत्रमा समसामयिक स्थिति तथा प्रवृत्ति विश्लेषण (Trend Analysis),

(ख) व्यावसायिक तालिम तथा सीप विकासको क्षेत्रमा नेपाल सरकारका विभिन्न निकायहरुले सञ्चालन गरेका कार्यक्रम, परियोजना र अपेक्षित परिणामबीचको अन्तर विश्लेषण (Gap) Analysis),

(ग) व्यावसायिक तथा सीप विकासको अवधारणा, आर्थिक विकासमा यसको योगदान र विद्यमान अवस्थाको विश्लेषण (SWOT Analysis),

(घ) दक्ष, प्रतिस्पर्धी, सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्नका लागि आवश्यक पर्ने प्रशिक्षण कार्यक्रम सञ्चालनका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीनि तथा कार्ययोजना। (चार वर्षे आवधिक र बार्षिक योजना)

५. आवेदन दस्तुर वापत मन्त्रालयको राष्ट्रिय बाणिज्य बैंकमा रहेको राजश्व खातामा निम्नानुसार विवरण भरी बैंक दाखिला गरेको सक्कलै भौचर आवेदनका साथ पेश गर्नु पर्नेछ,

राजश्व खाता रहेको बैंक र शाखाः राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कार्यालय कोडः | ३ | ७ | १ | ० | ० | ३ | ५ | ० | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| राजश्व शिर्षक नं.: | १ | ४ | २ | २ | ९ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| राजश्व खाता नं.: | १ | ० | ० | ० | १ | ० | ० | २ | ० | ० | ० | १ | ० | ० | ० | ० |

दरखास्त दस्तुरः रु.२,५००।- (दुई हजार पाँच सय)

(क) सेवा सुविधा सम्बन्धी अन्य विवरण कार्यकारी निर्देशकको नियुक्ति र सेवा सुविधा गठन आदेशमा उल्लेख भए बमोजिम हुनेछ।

(ख) नियुक्त भएको पन्ध्रदिन भित्र कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

६. **परीक्षाको किसिमः** व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ता हुनेछ।

७. **दरखास्त दिने अन्तिम मितिः** २०८३ साल असार महिना १२ गते कार्यालय समय भित्र

आवेदन फारमको ढाँचा

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

श्री संयोजकज्यू,
पदपूर्ति उपसमिति,
युवा, श्रम तथा रोजगार मन्त्रालय, सिंहदरबार, काठमाडौं।

युवा, श्रम तथा रोजगार मन्त्रालय, पदपूर्ति उपसमितिको मिति २०८३....................गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित **"कार्यकारी निर्देशक पदको पदपूर्तिका लागि दरखास्त आह्वानको सूचना"** अनुसार उक्त कार्यकारी पदमा रही सेवा गर्ने ईच्छा भएकोले तोकिएका आवश्यक शैक्षिक योग्यता, तालिम, अनुवभ, व्यावसायिक कार्ययोजना एवं स्वघोषणा र सोसाग सम्बन्धित कागजात संलग्न गरी तोकिएको ढाँचामा यो आवेदन फारम पेश गरेको छु। नियुक्त भएको अवस्थामा कार्यसम्पादन सम्झौता एवं तोकिए बमोजिमका पदीय जिम्मेवारी इमान्दारीपूर्वक पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

निकायः राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
पदः कार्यकारी निर्देशक

(१) आवेदकको विवरणः

(क) नाम,थरः..........................................................................................
(ख) नागरिकता नं./मिति र जारी जिल्लाः.....................................................
(ग) राष्ट्रिय परिचयपत्र नम्बर/जारी मिति र जारी गर्ने निकायः...............................
(घ) स्थायी ठेगानाः....................................................................................
(ङ) अस्थायी ठेगानाः.................................................................................
(च) जन्म मितिः................/......../........
(छ) फोन/मोबाइल नं.:.......................................इमेलः.....................................
(ज) फेसबुक/ट्वीइटर.......................................स्थायी लेखा नम्बरः....................

(२) शैक्षिक योग्यताको विवरणः

| क्र.सं. | उपाधि | विद्यालय/विश्वविद्यालय | श्रेणी वा CGPA | उत्तिर्ण साल | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

(३) अनुभवको विवरणः

| क्र.सं. | काम गरेको निकाय | पद | कार्य अवधि | मुख्य कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

(४) तालिमको विवरणः

| क्र.सं. | तालिमको नाम | प्रदान गर्ने निकाय | तालिम अवधि | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

(५) अध्ययन, अनुसन्धान, लेख रचना वा अन्य प्रकाशनः

| क.सं. | प्रकाशनको नाम | प्रकाशित गर्ने निकाय | प्रकाशित मिति | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

(६) संलग्न कागजात र विवरणहरुः

| क.सं. | कागजात विवरण | प्रतिलिपि/पृष्ठ संख्या |
|---|---|---|
| १ | नेपाली नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि | |
| २ | वैयक्तिक विवरण | |
| ३ | शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि | |
| ४ | अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपि | |
| ५ | व्यावसायिक कार्ययोजना | |
| ६ | स्वघोषणा सम्बन्धी कागजातहरु | |
| ७ | अन्य आवश्यक कागजातहरु | |
| ८ | दरखास्त दस्तुर जम्मा गरेको सक्कल बैंक भौचर | |

माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो झुठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

| औंठाको छाप | |
|---|---|
| दाँया | बाँया |

दस्तखतः

मितिः

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं